
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २१ गते शनिवार ❑ 6 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पत्रकारिताले असमानताको पर्दाफास गर्नुपर्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २० साउन**



गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले स्वतन्त्रता, समाजवाद र विश्वबन्धुत्व पत्रकारिताको आधारस्तम्भ रहेकाले स्वतन्त्रता र समानताका लागि पत्रकारहरूले कलम चलाउनुपर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ कास्की शाखाले स्थापना गरेको गजेन्द्र भण्डारी स्मृति सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार अर्पण समारोहमा शुक्रबार उहाँले भन्नुभयो, "जहाँ स्वतन्त्रता हुँदैन त्यहाँ पत्रकारिताले स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्दछ।" गण्डकी प्रदेश अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले समाजले पत्रकारिता क्षेत्रलाई सदैव सम्मान र भरोसा गर्दै आएकाले जनविश्वासमा कमी आउने खालका गतिविधि हुन नहुनेमा जोड दिनुभयो । जिल्ला अदालत कास्कीका न्यायाधीश श्रीकृष्ण भट्टराईले सञ्चार क्षेत्र आवाजविहीनको आवाज बन्नुपर्ने बताउनुभयो । कार्यक्रममा पोखराका क्रियाशील पत्रकारद्वय रामप्रसाद तिमिल्सिना र राम गुरुङलाई गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार पुरस्कृत गरिएको छ । गुरुङलाई विसं २०७७ र तिमिल्सिनालाई विसं २०७८ को पुरस्कार प्रदान गरिएको हो । पुरस्कार राशि जनही रु २५ हजार एक, दोसल्ला र सम्मानपत्र रहेको छ। पत्रकार तिमिल्सिना महासङ्घका उपाध्यक्ष हुनुहुन्छ।

गुरुङ लामो समयदेखि फोटो पत्रकारितामा आबद्ध हुनुहुन्छ । पोखरा-११ फूलबारीका पत्रकारसमेत रहनुभएका स्व भण्डारीको स्मृतिमा उहाँको परिवारजनबाट स्थापना गरेको पुरस्कारबाट बर्सेनि एकजनालाई सञ्चारकर्मीलाई पुरस्कृत गर्दै आइएको छ।

## चुनावी तालमेल गरेर अघि बढ्ने सत्ता गठबन्धनको निर्णय

**रासस**
**काठमाडौं, २० साउन**

पाँच दलीय सत्ता गठबन्धनले आगामी प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गर्ने निर्णय गरेको छ।

नेपाल सरकारले बिहीबारमात्रै प्रतिनिधि र प्रदेशसभाको निर्वाचन आगामी मङ्सिर ४ गते गर्ने निर्णय गरेको थियो । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षमा शुक्रबार गठबन्धनका शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास बालुवाटरमा बसेको थियो। बैठकले आगामी निर्वाचनमा पाँच दलीय गठबन्धनबीच चुनावी तालमेल गरी अगाडि बढ्ने निर्णय गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

कांग्रेस सभापति देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरी बैठकका निर्णय सार्वजनिक गर्नुभएको छ।

## कास्कीमा आठ हजार मतदाता थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २० साउन**

कास्की जिल्लामा करिब आठ हजार मतदाता थपिएका छन् । नयाँ मतदाताका लागि कास्की जिल्लामा १२ हजारले आवेदन दिएकामा चार हजार अन्य जिल्लाको रहेको पोखरास्थित प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो।

निर्वाचन आयोगले मतदाता नामावली थप्नका लागि देशका जुनसुकै निर्वाचन कार्यालयमा आवेदन दिन सक्ने व्यवस्था गरेको थियो । बाहिर अन्य जिल्लाबाट पनि कास्कीका लागि मतदाता थपिएको हुनसक्ने उहाँले बताउनुभयो।

जिल्लामा यस अघिको कूल मतदाता सङ्ख्या दुई लाख ८१ हजार ९४० थियो । जिल्लामा करिब एक हजार ८००ले मतदाता केन्द्र स्थानान्तरणका लागि आवेदन दिएको सूचना अधिकारी न्यौपानेले जानकारी दिनुभयो।

## प्रतिनिधिसभा र प्रदेशको निर्वाचनका लागि दल दर्ता आह्वान

**रासस**
**काठमाडौं, २० साउन**

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता आह्वान गरेको छ।

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि यही साउन २२ देखि ३१ गतेसम्म दल दर्ताका लागि आयोगले आह्वान गरेको हो । यही साउन १९ गतेसम्म आयोगमा दर्ता भएका राजनीतिक दलले संविधानको धारा २७१ बमोजिम निर्वाचन आयोगको कार्यालयमा दल दर्ताका लागि निवेदन दिन सक्नेछन्। दल दर्ताको निवेदनको ढाँचा आयोगको वेब-साइटबाट लिन सकिने आयोगले जनाएको छ।

दल दर्ताका लागि निवेदन दिँदा राजनीतिक दलको विवरण, दलको केन्द्रीय कार्यकारिणी समिति, प्रदेश र जिल्ला समितिका पदाधिकारी तथा सदस्यको सङ्ख्या, दलले वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गरेको मिति र दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको पछिल्लो निर्वाचन भएको मितिसमेत उल्लेख गर्नुपर्नेछ।

दल दर्ताका लागि निवेदन दिँदा प्रतिनिधिसभा सदस्यको छुट्टै र प्रदेशसभा सदस्यको हकमा प्रदेशगत रूपमा सातवटा प्रदेशका लागि छुट्टाछुट्टै निवेदन पेस गर्नुपर्ने आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम २ वा सोभन्दा बढी दलले एकल चुनाव चिह्न लिई निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ताको निवेदन दिँदा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ अनुसार निवेदन दिनुपर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

दल दर्ता प्रयोजनका लागि सार्वजनिक बिदाको दिनमा समेत आयोगको कार्यालय खुला रहने आयोगले जनाएको छ। सरकारले आगामी मङ्सिर ४ गते आइतबार एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गर्ने घोषणा गरेको छ।

## सन् २०५० सम्म मुलुकमा क्षयरोग निर्मूल बनाइने

**रासस**
**काठमाडौं, २० साउन**

सन् २०५० सम्ममा मुलुकलाई क्षयरोग निर्मल बनाइन कार्ययोजना बनाइएको छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले शुक्रबार यहाँ आयोजना गरेको क्षयरोगमुक्त नेपाल अभियान कार्यक्रम पुनरावलोकन तथा विस्तार कार्यशाला गोष्ठी शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले यस कार्यका लागि गैरसरकारी संस्था, अन्तर ाष्ट्रिय गैरसरकारी संस्थाका साथै अन्तर्राष्ट्रिय साझेदार संस्थाको सहयोगको खाँचो औँल्याउनुभयो। हाल २५ स्थानीय तहमा क्षयरोगमुक्त


बाँकी अन्तिम पृष्ठमा ▶▶

## निर्वाचन तयारीमा जुट्न ओलीको निर्देशन

**रासस**
**काठमाडौं, २० साउन**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी मङ्सीर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको तयारीमा जुट्न कार्यकर्तालाई निर्देशन दिनुभएको छ। एमाले उपत्यका विशेष प्रदेश कमिटीले शुक्रबार मध्यपुरथिमिको बोडेमा आयोजना गरेको राजनीतिक कार्यशालामा उहाँले आउँदो निर्वाचनका लागि फोकस भएर लाग्न निर्देशन दिनुभयो।

ओलीले भन्नुभयो, "आउँदो चुनाव हामीले हार्नु हुँदैन, त्यसैले मङ्सिर ४ गतेको निर्वाचनलाई फोकस भएर चुनावको तयारीमा लाग्नुहोस्, चुनाव हार्दा पनि एमालेका लागि त केही छैन तर देशले हार्छ, त्यसैले देशलाई जिताउन पनि अब एमालेलाई जिताउनै पर्छ।" अध्यक्ष ओलीले आउँदो प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा पार्टीले सङ्गठित र इमान्दारी पूर्वक लागेमा एक्लै बहुमत प्राप्त गर्न सक्ने दाबी गर्दै पार्टीका नेता, कार्यकर्ताले इमान्दारी पूर्वक लाग्नु पर्ने बताउनुभयो।




## पत्रकारहरुका लागि बैदेशिक रोजगार कानुन सम्बन्धी अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २० साउन**

कोभिड १९ को महामारी पछि संसारका धेरै मुलुकहरुमा तिब्र आर्थिक संकट देखा परेको छ। त्यसैको चपेटामा श्रीलंका पनि पुग्यो।

केहि समय अगाडी मात्रै श्रीलंकाको अर्थब्यवस्था डामाडोल भए पछि त्यहाकारुले दे राष्ट्रपतिले देश छाडेर भाग्नु पर्‍यो। त्यहि समस्या नेपालमा पनि नआउला भन्न सक्ने अवस्था देखिदैन । अहिले सम्म त बैदेशिक रोजगारीका कारण मुलुक जेनतेन चलिरहेकै छ। नेपालको अर्थतन्त्रको आधा हिस्सा रेमिटान्सले ओगटेको तथ्याग्हरुले देखाएको छ । तर नि बैदेशिक रोजगारी राज्यको कम प्राथमिकतामा पर्ने गरेको एक कार्यक्रमका बक्ताहरुले औल्याएका छन्।

पिपुल फोरमले संचार कर्मिहरुका लागि बैदेशिक रोजगार सम्बन्धी कानुन्बारे आयोजना गरेको अभिमुखी कार्यक्रममा बोल्दै गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष रघुराज काफ्लेले "महिनामा मात्रै ९ खर्व ४३ अर्व रुपैया औपचारिक बाटोबाट रेमिटान्स भित्रिएको बताए । उनले भने १० खर्व अनौपचारिक बाटोबाट भित्रिएको छ।" गत आर्थिक बर्षमा देशको कुल बजेट १८ खर्वमा २३ प्रतिशत रेमिटान्सले ओगटेको छ। उनले भने पचास प्रतिशत आयात पनि रेमिटान्सले धानेको छ। बैदेशिक रोजगारीका लागि फिलिपिन्स, श्रीलंकाका जस्ता दक्ष्य जनशक्ति पनि नभएको काफ्लेले बताए।

पिपुल फोरमका सल्लाहकार अधिबक्ता सोम लुईटेलले "देशको अर्थतन्त्रलाई टेवा पुऱ्याउने बैदेशिक रोजगार अझै पनि ब्यवस्थीत बन्न सकिरहेको छैन। बैदेशिक रोजगारीका नाममा ठगी, बेचबिखन, लगायतका अपराधिक घटनाहरु हुने गरेको एक कार्य बताए।" अधिबक्ता लुइटेलले बैदेशिक रोजगारी सम्बन्धी कानुन् पनि श्रमिक मुखी नरहेको जानकारी गराए। सो अवसरमा पत्रकार रुद्र खड्काले अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको बैदेशिक रोजगारीको क्षेत्रलाई पत्रकारहरले उपेक्षा गर्न नहुने बताए। यस क्षेत्रमा भएका समस्याहरुले कलम चलाउन आग्रह गरे । पिपुल फोरमका फोकल पर्सन भूवन पराजुली काफ्लेले मिडिया, बैदेशिक रोजगारीमा जाने श्रमिकको आवाज बन्नुपर्ने बताइन् । पत्रकार रमेश पौडेलले बैदेशिक रोजगारी जस्तो महत्वपूर्ण बिषयमा पत्रकारहरुले कलम चलाउनु पर्ने बताए।

पत्रकार जमुना शर्माले पत्रकारहरुले धेरै बिषयमा लेख्नुपर्ने भएकाले यस्ता खालका अभिमुखीकरण कार्यक्रमले लेख्न समझाएको बताइन् । स्वेश मै रोजगारीको राम्रो उपाय नभए पछि बैदेशिक रोजगारीमा जानु नेपालीहरुको लागि अपरिहार्य आवश्यक्ता बनेको छ । सुरक्षित बैदेशिक रोजगारीका लागि सरकारले उपयुक्त वातावरण बनाउन सकेको छैन । यस क्षेत्र सधै समस्याग्रस्थ बन्दै गएको छ । संबैधानिक र कानुनी ब्यवस्था हुदा पनि कार्यन्वयन पक्ष कमजोर देखिएको छ । नेपालको संविधानको धारा ५१ ले सुरक्षित बैदेशिक राजगारीको हक ब्यवस्था गरेको छ। त्यसैगरी बैदेशिक रोजगार ऐन र नियमावली २०६४ बनेको छ।

आप्रवासी कामदारसंग सम्बन्धीत राष्ट्रिय कानुन र अन्तराष्ट्रिय कानुन्हरु पनि छन्। ती कानुन्हरु सबै देशका लागि लागु हुन्छन् । करार अनुसारको सेवा सुबिधा तलव भत्ता बिमा आतेजाते एयरफेयर सुबिधा नपाएमा वा करारको उलङ्घन भएमा कानुनी उपचार, स्वच्छ पुर्पक्षको अधिकार पनि कामदारको संरक्षित छ। बिदेशमा भएका अधिकार उलंघनका घटनामा नेपाली कामदारको पहुच पुग्न सकेको छैन । अहिले सम्म पिपुल्स फोरमले बिभिन्न मुद्दाहरुमा पिडीतहरुलाई १ अर्ब रुपैयाँ क्षतिपूर्ति दिलाएको छ।

# बजारीकरणका लागि निःशुल्क कृषि एम्बुलेन्स

**पोखरापत्र संवाददाता**
**पोखरा, २० साउन**

पोखरा महानगरपालिकाले चिस्यान सुविधा सहितको कृषि एम्बुलेन्स सञ्चालन गर्ने भएको छ।

ग्रामीण क्षेत्रका कृषकको उत्पादन बजारीकरण गर्न निःशुल्क ढुवानी सुविधासहित एम्बुलेन्स सञ्चालन गर्न लागिएको हो । फलफूल तरकारी मूल्य शृङ्खला विकास आयोजनासँगको साझेदारीमा एम्बुलेन्स सञ्चालन गर्न लागिएको पोखरा महानगरले जनाएको छ।

एम्बुलेन्स सेवा सञ्चालनसम्बन्धी सम्झौतामा आज पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र कृषि तथा पशुपछी विकास मन्त्रालयका सहसचिव प्रकाशकुमार सन्जेल हस्ताक्षर गर्नुभयो । कृषि एम्बुलेन्सले महानगरपालिकाका उत्पादन केन्द्रित वडाहरूबाट कृषि उत्पादनको सङ्कलन केन्द्रमार्फत निःशुल्क ढुवानी गर्नेछ भने उपभोक्ता केन्द्रित वडाहरूमा भने वितरणको काम गर्नेछ। ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेको तरकारी मुख्य बजार क्षेत्रका उपभोक्तालाई स्वस्थ उपज खुवाउने महानगरको वार्षिक नीति तथा कार्यक्रमअनुसार कृषि एम्बुलेन्स सञ्चालन गर्न लागिएको प्रमुख आचार्यले बताउनुभयो । उहाँका अनुसार कृषि एम्बुलेन्समार्फत कृषकलाई आवश्यक पर्ने बीउसमेत वितरण गर्न सहज हुनेछ। कृषि एम्बुलेन्सको सञ्चालनले कृषि उपजमा हुने क्षतिको न्यूनीकरण, उत्पादन क्षेत्रदेखि बजार केन्द्रसम्म सुरक्षित कृषि उपज ढुवानी, समयमा ढुवानी तथा बजारीकरणको अभावका कारण तरकारी बिग्रेर हुने फोहरमा कमी आउने बताइन्छ।

यसैगरी तरकारीमा हुने चरम बिचौलियापनको अन्त्य, कृषकलाई तरकारी बजारसम्म पुऱ्याउन हुने तनावको अन्त्य, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्ताको घरघरमा ताजा तरकारीको उपलब्धतालगायत फाइदा हुने महानगरपालिकाको कृषि विकास महाशाखाका प्रमुख मनोहर कडरियाले बताउनुभयो।

उहाँका अनुसार तालिका बनाएर महानगरका विभिन्न क्षेत्रहरूमा दैनिकजसो सञ्चालन गरिने यस सेवाले साना किसानलाई समेत आफ्नो कृषि उपजको बजारीकरणमा सहयोग पुग्नेछ । एक पटकमा तीन टनभन्दा धेरै तरकारीको ढुवानी गर्न सक्ने क्षमताको सो एम्बुलेन्स सञ्चालनलाई महानगरले थप व्यवस्थित गर्दै लैजाने कडरियाले जानकारी दिनुभयो।



संगम टोलमा छाडा गरि कुकुर पाल्न बन्दः पोखरा महानगरपालिका वडा नं १३ स्थित संगम टोल विकास संस्थाले शुक्रवार आफ्नो टोलमा छाडा गरि कुकुर नपाल्न अनुरोध गरेको छ। आगमी भदौ १ गते लागु हुने गरी छाडा कुकुर नपाल्न सबै टोलवासीहरुलाई अनुरोध गरिएको संस्थाका अध्यक्ष धर्मराज पोडेलले बताए। फोटोः पोखरापत्र

# तनहुँमा ५२ प्रतिशत विकास बजेट खर्चे

**पोखरापत्र संवाददाता**
**दमौली, २० साउन**

तनहुँमा आर्थिक वर्ष २०७८/७९ मा ५२ प्रतिशत विकास बजेट खर्च भएको छ । उक्त वर्ष सङ्घ र प्रदेश सरकारबाट विनियोजित कूल विकास बजेट रु पाँच अर्ब ९५ करोड ३६ लाख ३६ हजार छ सय ९० मध्ये आधा बजेट मात्र खर्च भएको हो।

उक्त अवधिमा जिल्लामा रु तीन अर्ब १२ करोड ६१ लाख नौ हजार आठ सय ३५ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएको छ । प्रमुख कोष नियन्त्रक किशोरकुमार श्रेष्ठका अनुसार उक्त वर्ष खर्च हुन नसकेर रु दुई अर्ब ८२ करोड ७५ लाख ३६ हजार आठ सय ५५ फिर्ता भएको छ।

सङ्घ सरकारबाट दुई अर्ब २३ करोड ७७ लाख ९९ हजार छ सय एक खर्च हुन नसकी फिर्ता भएको छ भने प्रदेश सरकारबाट रु ५८ करोड ९७ लाख ३७ हजार दुई सय ५४ खर्च हुन नसकेको कार्यालयले जनाएको छ। सङ्घ सरकारबाट उक्त वर्ष विकास बजेटतर्फ रु तीन अर्ब ६२ करोड २९ लाख ६३ हजार छ सय ९० विनियोजन भएको थियो। उक्त वर्ष रु एक अर्ब ३८ करोड ५१ लाख ६४ हजार ८९ मात्रै खर्च भएको कार्यालयले जनाएको छ। प्रदेश सरकारबाट विकास बजेटतर्फ रु दुई अर्ब ३३ करोड ६ लाख ८३ हजार विनियोजन भएकामा रु एक अर्ब ७४ करोड नौ लाख ४५ हजार सात सय ४६ मात्रै खर्च भएको छ । सङ्घ सरकारको विकास बजेटखर्च ३८ प्रतिशत र प्रदेश सरकारको रु ७४.६८ प्रतिशत छ। चालुतर्फ भने ९५ प्रतिशत बजेट खर्च भएको छ । चालुतर्फ रु आठ अर्ब ६२ करोड २८ लाख दुई हजार आठ सय ८७ बजेट खर्च भएको छ। चालुतर्फ कर्मचारी, शिक्षक लगायतको बजेट रहने भएकाले खर्च बढी हुने गरेको कार्यालयले जनाएको छ।

प्रदेश सरकारबाट चालुतर्फ रु ८५ करोड ४४ लाख ३३ हजार र पुँजीगततर्फ रु दुई अर्ब ३३ करोड छ लाख ८३ हजार विनियोजन भएको थियो । सङ्घ सरकारअन्तर्गत भानुभक्त प्राणी उद्यानले पुँजीगततर्फ रु एक करोड ७२ लाख ३० हजार छ सय १६, सडक डिभिजन कार्यालयले रु ४३ करोड ७९ लाख ८५ हजार आठ सय ८०, मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड)ले रु ५७ करोड चार लाख ४२ हजार ९६, जगदल गणले रु एक करोड २० लाख नौ हजार ७७, नयाँ शहर आयोजना कार्यालयले रु १० करोड ३४ लाख ७१ हजार छ सय सात, शिक्षा विकास तथा समन्वय इकाईले रु छ करोड ५५ लाख ४८ हजार सात सय ५१, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रले रु एक करोड ३८ लाख छ हजार दुई सय दुई खर्च गरेको छ। भानु नगरपालिकाले रु एक करोड ८६ लाख नौ हजार, भिमाद नगरपालिकाले रु एक करोड ४४ लाख २७ हजार छ सय नौ, व्यास नगरपालिकाले रु ५५ लाख १७ हजार तीन सय १२, ऋषिङ गाउँपालिकाले रु ७५ लाख ७० हजार, देवघाट गाउँपालिकाले रु एक करोड २३ लाख ३० हजार छ सय सात र म्याग्दे गाउँपालिकाले रु एक करोड ४१ लाख ८० हजार पाँच सय १३ खर्च गरेको छ । प्रदेश सरकारअन्तर्गत भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले रु दुई करोड ९० लाख ३१ हजार एक सय ५१, डिभिजन वन कार्यालयले रु एक करोड ६४ लाख ९९ हजार ४८, भू तथा जाधाार व्यवस्थापन कार्यालयले रु चार करोड २९ लाख ९८ हजार पाँच सय ३४, पूर्वाधार विकास कार्यालयले रु ८३ करोड ३४ लाख पाँच हजार चार सय २६, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले रु १६ करोड ३६ लाख ५७ हजार चार सय १३, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रु ५८ लाख ५६ लाख छ हजार चार सय चार खर्च गरेको छ।

कालिगण्डकी बहुप्राविधिक शिक्षालयले रु एक करोड १७ लाख ५५ हजार सात सय १६, सामाजिक विकास कार्यालयले रु दुई करोड ५२ लाख ४२ हजार दुई सय ९१, दमौली अस्पतालले रु ४५ लाख ७५ हजार तीन सय २४, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले रु १६ लाख ४३ हजार दुई सय ३५ खर्च गरेको छ।

# बाख्रापालक कृषक समूहलाई २० लाख अनुदान

**पोखरापत्र संवाददाता**
**कास्की, २० साउन**

पोखरा महानगरपालिकाले व्यावसायिक बाख्रापालक कृषकलाई प्रोत्साहन गर्न रु २० लाख अनुदान वितरण गरेको छ । महानगरपालिका पशु सेवा शाखाद्वारा बिहीबार आयोजित बाख्रा मेला प्रदर्शनी तथा अनुदान वितरण कार्यक्रममा महानगर प्रमुख धनराज आचार्यले महानगरका चार कृषक समूहलाई रु पाँच लाखका दरले अनुदान विरतण गर्नुभएको हो।

'मेयरमैत्री बाख्रापालन प्याकेज' कार्यक्रमअन्तर्गत महानगरले बर्सेनि बाख्रापालक कृषक तथा कृषक समूहलाई अनुदान तथा सहयोग रकम प्रदान गर्दै आएको छ । यस वर्ष अनुदानप्राप्त गर्ने कृषक समूहमा मिलीजुली बाख्रापालन कृषक समूह पोखरा-१३ आर्वा, सराङकोट बाख्रापालन समूह पोखरा-१८, लगनशील बाख्रापालन कृषक समूह पोखरा-३२ र बेगनास बाख्रापालन समूह पोखरा-३१ छन् । अनुदानबाट प्रत्यक्षरूपमा एक सयभन्दा बढी कृषक लाभान्वित भएको महानगर पशु सेवा शाखा प्रमुख नवराज अधिकारीले बताउनुभयो । कार्यक्रममा मौजा हिल लाइभस्टक फार्म पोखरा-२० का कृषक दुर्गा बहादुर गुरुङलाई पोखराका विभिन्न स्थानलाई बाख्रापालनको पकेट क्षेत्रका रूपमा विकास गर्न तथा कृषकलाई प्रोत्साहन गर्ने कार्यमा उल्लेखनीय योगदान गरेवापत 'सर्वोत्कृष्ट वर्ष कृषक' सम्मानबाट पुरस्कृत गरिएको थियो । यसैगरी पोखरा महानगरपालिकाभित्र रहेका १७ उत्कृष्ट कृषि फार्मलाई पनि सम्मान गरिएको छ । सम्मानित कृषकका प्रत्येक फार्ममा एक सय बढीको सङ्ख्यामा बाख्रा पालिएका छन् । कार्यक्रममा महानगर प्रमुख आचार्यले आगामी पाँच वर्षभित्रमा महानगरपालिकालाई तरकारी, दूध, अण्डा, मासु तथा फलफूलमा आत्मनिर्भर बनाइने बताउनुभयो। कृषकलाई निर्वाहमुखीभन्दा पनि व्यवसायीकरणमा जोड दिँदै उहाँले महानगर कृषकको साथमा रहेको विश्वास दिलाउनुभयो । कृषि उपजको ढुवानी तथा बजारीकरणका लागि शीतभण्डारसहितको कृषि एम्बुलेन्स सञ्चालन गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

# सन् २०५०..

अभियान सञ्चालन भइरहेको जानकारी दिँदै उहाँले आगामी चार वर्षभित्र सबै स्थानीय तहमा अभियान गरिने बताउनुभयो । मन्त्रालयका निमित्त सचिव श्यामसुन्दर यादवले स्थानीय तहले हरेक घरमा यस्ता रोगी खोजी गरेर केन्द्रमा तथ्याङ्क उपलब्ध गराएमा छिटोछरितो औषधि उपलब्ध गराउन सकिने बताउनुभयो । जनकपुर उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले स्थानीय तहका जनप्रतिनिधिसँग सहकार्य र समन्वय गरी उक्त अभियान अगाडि बढाउन सकेमा धेरै सर्वसाधारण लाभान्वित हुने विचार व्यक्त गर्नुभयो। विज्ञहरू डा दीर्घसिंह बम, डा राजेन्द्र पन्त, डा महेश्वर श्रेष्ठलगायतले विगतमा व्यवस्थापकीय कमजोरीले उक्त रोगबाट गत वर्ष १७ हजार मानिसको मृत्यु भएकामा अब यसलाई न्यूनीकरण गर्न आवश्यक रणनीति बनाउनुपर्नेमा जोड दिनुभयो।

# महिला फुटबलमा नेपाल एक स्थान तल झऱ्यो

**रासस**
**काठमाडौं, २० साउन**

विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) ले आज जारी गरेको महिलाको नयाँ वरियतामा नेपाल एक स्थान तल झरेको छ । नयाँ वरीयता अनुसार नेपाल १०२औँ स्थानमा रहेको हो । यसअघि नेपाल १०१औँ स्थानमा रहेको थियो।

दक्षिण एसियाली राष्ट्रको वरियतामा भने नेपाल दोस्रो स्थानमा रहेको छ। नेपालभन्दा अघि भारत छ। भारत ५८ औँ स्थानमा छ। बङ्गलादेश १४७, श्रीलङ्का १५३, माल्दिभ्स १५६ र भुटान १७६औँ स्थानमा छ । विश्व वरियताको शीर्ष स्थानमा भने अमेरिका छ । यसैगरी दोस्रो स्थानमा जर्मनी छ भने तेस्रो स्थानमा स्वीडेन छ। इङ्ल्यान्ड चौँथो स्थानमा रहँदा फ्रान्स पाँचौँ स्थानमा छ। नेदरल्याण्ड छैठौँ, क्यानडा सातौँ, स्पेन आठौँ, ब्राजिल नवौँ र उत्तर कोरिया १०औँ स्थानमा छन्।


कर्मचारी आवश्यकता

शिघ्र नयाँ संचालनमा आउन लागेका यस पञ्चम आयुर्वेद हस्पिटल प्रा.लिको लागि इमान्दार मेहिनती कर्मचारी आवश्यकता परेकोले इच्छुक सम्बन्धित उम्मेदवारले आफ्नो बायोडाटा सहित सम्पर्क राख्नुहोला ।

| क्र.स. | पद | संख्या | योग्यता | सुविधा |
|---|---|---|---|---|
| १. | रिसेप्सनिष्ट | २ | १२ पास लेखासम्बन्धि अनुभव | कम्पनी को नियमानुसार |
| २. | नर्स तथा अनमी | ३ | प्रमाण पत्र तह | |
| ३. | [illegible] | २ | साक्षर वा १० पास | |
| ४. | फिजियोथेरापिष्ट | १ | स्नातक ([illegible]) | |
| ५. | आयुर्वेद चिकित्सक | २ | स्नातक ([illegible]) | |
| ६. | व्यवस्थापक | १ | स्नातक (हस्पिटल व्यवस्थापन गर्न सक्ने शिक्षा प्राप्त तथा अनुभवि । | |
| ७. | [illegible] | १ | अनुभवी | |
| ८. | लेखापाल | १ | [illegible] | |

सम्पर्क: मिति:२०७९।०४।१५ देखि २०७९।०४।२५ सम्म
छनोट प्रक्रिया : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

PANCHAM

पञ्चम आयुर्बेद हस्पिटल प्रा. लि.



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# लोप हुँदै रैथाने शारीरिक खेल

रासस
म्याग्दी, २० साउन

सूचना प्रविधिको पहुँच र विश्वव्यापीकरणको प्रभावका कारण म्याग्दीलगायत देशका प्रायः सबै ग्रामीण क्षेत्रबाट परम्परागत रैथाले खेल लोप भएका छन् । विगत तीन दशकको अवधिमा धेरै शारीरिक खेल लोप भए सकेका र कतिपय रैथाले खेल लोपोन्मुख अवस्थामा पुगेका खेलप्रेमीले बताएका छन् ।

कुनै समय नेपालको राष्ट्रिय खेलको मान्यता पाएका डण्डिबियो र कपर्दी अहिले लोपोन्मुख अवस्थामा छन् । गुच्चा, चम्चा-गुच्चा, खोपी, बागचाल, पानडुङ्गे, लक्कुडाल, रुमाललुकाइ, गिर, घुर्रा, भाले जुधाइ, रस्सी तान्ने, फिरफिरे, गिर, खुट्टी, गट्टा, चोर पुलिस, ठेलो, घैटो फुटाइलगायत रैथाने शारीरिक खेल लोप भएका छन् । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले खेलकुद शब्दलाई परिभाषित गर्ने क्रममा परम्परागत खेललाई खेलकुदभित्र समेटेको भए पनि परम्परागत शारीरिक खेलको विकास र संरक्षणका लागि कुनै पहल नगरेको गुनासो व्यापक छन् । यस विषयमा तीन दशकअघि खोजी भए पनि पछिल्लो समय खेलकुद मन्त्रालयले परम्परागत खेलबारे कुनै चासो नदिएको म्याग्दीका पुराना खेलाडी गोविन्द श्रेष्ठले बताउनुभयो ।

बालबालिका मोबाइल र इन्टरनेटका क्रेजी भएका कारण बालापनका रैथाने रोमाञ्चक खेल अहिले लोप भएर गएका बेनी नगरपालिका-७ का बयोवृद्ध तथा म्याग्दी उद्योग वाणिज्य सङ्घका मानार्थ सदस्य नैनकुमार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार माटोको भाँडाकुटी बनाउने, चिलाउने वा चरिनङ् ग्रेको पातलाई पैसा मानेर माटोबाट बनेका भाँडाकुँडाको खरिद बिक्री गर्ने, रुखको हाँगा हल्लाएर मोटर चढेको महसुस गर्ने वा सलाइको बट्टामा धागोले जोडेर बनाएको टेलिफोनमा साथी सङ्गाति मिलेर कुराकानी गर्दै खेल्ने रोमाञ्चक खेल अहिले लोप भएर गएका छन् । बेनी नगरपालिका-२ बगरफाँटका ८६ वर्षीय बेदप्रसाद उपाध्यायका अनुसार भमरो, मौरी, भिँगा वा गुह्ये कीरालाई सलाइको बट्टाभित्र राखेर 'रेडियो' बजाउनेदेखि भदौरे कीराको पुच्छमा डोरी बाँधेर लिइने मनोरञ्जन अहिले केवल इतिहास भएका छन् । प्रविधिको विकाससँगै सहरी र ग्रामीण भेगका बच्चा अहिले शारीरिक अभ्यास हुने खेल खेल्न छाडिसकेका छन् । "हाम्रो पालामा कागजका डुङ्गा बनाएर पानीमा चलाइन्थ्यो । हावामा कागजकै जहाज बनाएर उडाइन्थ्यो । अहिलेका बालबालिका मोबाइलमै भुल्मिन्छन् र घोप्टो परेर नानाभाँतिका घोप्टेखेल मोबाइलमै खेल्छन् । शारीरिक खेल त अब हराएर गए", उहाँले भन्नुभयो । हुन पनि अहिले न बालबालिकाले साथी सङ्गातीहरूसँग रौसिँदै बालापनमा खेल्नु पर्दै शारीरिक खेलहरू खेल्न पाएका छन्, न यस्ता खेल खेल्न विद्यालय र अभिभावकले नै बालबालिकालाई प्रोत्साहित गर्छन् । अहिलेका बालबालिका फ्रिफायर, पब्जी जस्ता इन्टरनेटको सहायताले खेलिने शारीरिक अभ्यास विनाका खेलमा एकोहोरो हुँदा सामूहिक भावनामा ह्रास आउने गरेको बुद्ध एकेडेमी बगरफाँटका सामाजिक विषयका शिक्षक धनवीर थापाले बताउनुभयो ।

हाम्रा रैथाने खेल वातावरणमैत्री हुनुका साथै आर्थिक हिसाबले समेत सस्तो खालका रहेका भारतीय सेनाबाट सेवा निवृत क्या.मीनबहादुर कार्कीले बताउनुभयो।शारीरिकस्फुर्ति,मनोरञ्जन र भाइचाराको सम्बन्धसमेत स्थापित गर्न सघाउपुर्‍याउने यस्ता खेलहरू लोप हुँदै जानुभएको जनस्वास्थ्य र राष्ट्रिय पहिचान दुवैमा घाटा पुग्नु भएको उहाँले जानकारी दिनुभयो । पुराना रैथाने खेलहरूमध्ये केही खेलहरू ऋतु विशेषमा खेलिने खालका छन् भने केही खेल मात्रै बाह्रै मास खेल्ने खालका रहेका पुराना खेलाडी गोविन्द श्रेष्ठको भनाइ छ । उहाँका अनुसार डण्डीबियो हिउँद महिनामा धान काटेपछि खाली भएको खेतमा खेल्ने गरिन्छ । बाघचाल बाह्रै महिना खेल्ने गरिन्छ । यसमा शारीरिकभन्दा मानसिक कसरत हुन्छ । युवा तथा खेलकुद मन्त्रालयले रैथाने शारीरिक खेलको संवर्द्धनका लागि कुनै पहल नगरेको गुनासो सुनिन थालेको छ । सन् १९७० को दशकमा राष्ट्रिय खेलकुद परिषद् को सदस्य सचिव बनेका शरदचन्द्र शाहको कार्यकालमा नेपालको रैथाने खेलको खोजी गर्न समिति गठन भएको थियो । तत्कालीन अञ्चल सचिवले देशभरका रैथाने खेलबारे तथ्याङ्क सङ्कलन गरेका थिए । त्यसपछि कुनै पनि पहल हुन नसकेको पाइएको छ ।

तत्कालीन समयमा कुन खेललाई अन्तर्राष्ट्रियस्तरमा लैजान सकिन्छ ? भन्ने बारेमा पनि सुझाव माग भएको थियो । सोही अध्ययनले नेपालमा सबैभन्दा धेरै खेलिने खेल भलिबल हो भन्ने देखाएको थियो । नेपालमा खेलिने खेलमध्ये अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउन सकिने खेलको सूची तयार पार्न सो अध्ययन गरिएको थियो । रैथाने खेलको बारेमा अध्ययन गरेर प्रतिवेदन पनि तयार पारिएको थियो तर त्यो प्रतिवेदन अहिले गुमनाम रहेको छ । अध्ययनले मार्सल आर्ट, बक्सिङ, भारोत्तोलनजस्ता खेललाई अन्तर्राष्ट्रियस्तरमा लैजान सकिने कुरा औंल्याएको थियो । प्रतिवेदनकै आधारमा खेल चयन गर्दा सन् १९८६ को सियोल एसियन खेलमा नेपालले खेलकुद इतिहासमा सबैभन्दा पहिले आठ कास्य पदक जितेको थियो । तीमध्ये नेपालले बक्सिङ र तेक्वान्दोमा समान चार पदक जितेको थियो ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले खेलकुद शब्दलाई परिभाषित गर्ने क्रममा परम्परागत खेललाई समेत खेलकुदभित्र समेटेको छ । यस विषयमा तीन दशकअघि खोजी भए पनि पछिल्लो समय खेलकुद मन्त्रालयले परम्परागत खेलबारे चासो दिने गरेको छैन ।

# उजाड पाखो बन्यो फलफूलको बगैँचा

पोखरापत्र संवाददाता
म्याग्दी, २० साउन

म्याग्दी सदरमुकाम बेनीको कालीपुलमा व्यवसाय गर्दै आउनुभएका खेम केसीले पर्वतको जलजला-७ केराबारीको ढुङ्गे पाखोलाई खनिखोस्री मलजल गरेर पाखैभरि केराखेती गर्नुभएको छ ।

नाम केराबारी भए पनि भिरालो जमिनमा चट्यानै चट्यान रहेको पाखोलाई सम्याएर उहाँले दुई हजार ५०० भन्दाबढी केराका बिरुवा लगाउनुभएको छ । आजभन्दा करिब चार वर्ष अगाडि २०७५ साल फागुन महिनामा बेनी नगरपालिका-२ खबराबाट प्रतिबिरुवा ६० रुपैयाँका दरले ४०० केराका बोट लिएर केराखेती सुरु गर्नुभएको थियो ।

चार वर्षको अवधिमा केसीले केराखेती विस्तार गरी अहिले ३० रोपनी आफ्नो जग्गामा दुई हजार ५०० केराका बिरुवा लगाउनुभएको छ । उहाँले पाखैभरि हजारे, मुंग्रे, धुर्से प्रजातिका केरा तथा अन्य फलफूलखेती लगाएपछि उजाड पाखा अहिले फलफूलको बगैँचामा परिणत भएको छ । एल्भिन फलफूल फर्म दर्ता गरी व्यावसायिकरुपमा केराखेती सुरु गर्नुभएका केसीको फर्ममा हाल कागती, एभोकाडो, अम्बा, आँप, लिचीलगायत गरी ५०० फलफूलका बिरुवा हुर्किरहेका छन् । मौरीपालन पनि गरेका उहाँको फर्ममा ५० मौरीका घारसमेत छन् । करिब एक हजार ५०० केराका बोटले फल दिन थालेको जनाइएको छ ।

काँचो केरा बोटबाटै एक दर्जनलाई एक सय रुपैयाँमा बिक्री हुने गरेको छ । एक हजार ५०० बोटको केराबाट मासिक रु ५० हजारभन्दा बढी कमाइ हुने गरेको कृषक केसीले बताउनुभयो । एक घारीमा दुई सयदेखि दुईसय ५० वटासम्म केरा हुन्छ अरु सबै केरा पनि राम्रोसँग सप्रिएका छन् । उहाँले भन्नुभयो, "अघिल्लो वर्षदेखि मासिक ५० हजार त केरा बेचेर मात्रै कमाइ भएको छ, साँच्चै भन्नुपर्दा मलाई केराखेती फापेको छ ।" केरामात्रै होइन केसीको फार्मबाट केराका बिरुवासमेत बिक्री हुने गरेको छ । यो वर्ष म्याग्दीको राखु, पर्वतको बाँसखर्क, लस्टीलगायतका स्थानमा करिब दुई हजार वटा बिरुवाप्रति बिरुवा एक सयका दरले बिक्री भएको उहाँको भनाइ छ । रु तीन लाख लगानीबाट सुरु गर्नुभएको उहाँको फार्ममा अहिले रु १२ लाख लगानी पुगेको छ । धानखेतीयोग्य जमिनमा समेत बीचबीचमा केरा लगाउनुभएका केसीले केही पनि उब्जनी नहुने पाखालाई समेत केराबारीमा परिणत गर्नुभएको छ ।

कहिलेकाहीँ परिवार तथा साथीसङ्गी गएर बस्नका लागि कटेजसमेत निर्माण गर्नुभएका केसीको फार्ममा पुग्दा वरिपरिको शान्त र सुन्दर वातावरणले मनलाई आनन्दित तुल्याउने गर्दछ । बेनीको कालिपुलमा केवि अटोपार्टस होण्डा स्वरुमसमेत सञ्चालन गर्दै आउनुभएका ४६ वर्षीय केसीलाई श्रीमती सपना केसीले पनि कृषि खेतीमा राम्रो साथ दिनुभएको छ । फार्ममा फर्सी, घिरौँला, भेन्टा, तितेकरेला, हरियो खुर्सानीलगायत अन्य तरकारी पनि राम्रोसँग उत्पादन हुने गरेको छ ।

हिजोआज उहाँको धेरैजसो समय पसलतिर ग्राहकसँगभन्दा पनि केराबारीको केरासँगै बित्ने गरेको छ । केरा पसायो पसाएन, पकाउन राख्ने वा बेच्ने बेला भयो भएन, हेर्नका लागि पनि प्रत्येक दिनजसो उहाँ केराबारीमा पुग्नुहुन्छ ।

# अवरुद्ध बेनी–जोमसोम सडक तीन दिनपछि खुल्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २० साउन

कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडकखण्ड तीन दिनपछि बिहीबार साँझदेखि सञ्चालनमा आएको छ । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने एकमात्र सडक काभ्रेभिरमा गएको सुक्खा पहिराका कारण गत सोमबारदेखि अवरुद्ध बनेको थियो ।

अविरल वर्षाका कारण म्याग्दी र मुस्ताङको सिमाना काभ्रेभिरमा सुक्खा पहिरो गएको र सोही स्थानको घोप्टे ओढारमा सडक भासिएपछि अवरुद्ध बनेको सडक मर्मत गरेर सञ्चालनमा ल्याइएको हो । सडक सञ्चालन भएसँगै सवारीसाधन ओहोरदोहोर गर्न थालेका बेनी-जोमसोम सडकका सुपरभाइजर इन्द्रसिंह शेरचनले जानकारी दिनुभयो । बीच बाटोमा रोकिएका सवारीसाधन गन्तव्यतर्फ लागेका छन् । पहिराले काभ्रेभिरमा तीन मिटर सडक पुरिएको थियो भने सोही स्थान नजिकको घोप्टेभिरमा करिब ५० मिटर सडक भासिएको थियो । मौसममा सामान्य सुधार आएपछि बुधबारदेखि सडक मर्मतको काम थालिएको छ। सडक स्तरोन्नतिमा परिचालन गरिएको निर्माण कन्स्ट्रक्सनका उपकरण र जनशक्ति परिचालन गरेर बेनी-जोमसोम सीधा यातायात सञ्चालनमा ल्याइएको सुपरभाइजर शेरचनले बताउनुभयो । काभ्रेभिरमा सडक अवरुद्ध हुँदा पैदलयात्री पैरोथाप्लाको पदमार्ग हुँदै घुमाउरो बाटोबाट यात्रा गर्न बाध्य थिए । वर्षाका कारण खोलामा आएको बाढीले म्याग्दीको बेगखोलामा समेत अवरुद्ध भएको सडकलाई खुलाइएको छ ।

वर्षात्को समयमा गण्डकी प्रदेशको लाइफलाइन मानिएको बेनी-जोमसोम-कोरला सडकखण्डको विभिन्न स्थानमा बाढीपहिराले सडक अवरुद्ध हुने गरेको छ । बेनी-जोमसोम ७६ किमी सडकको म्याग्दी खण्ड बर्खाको समयमा बाढीपहिराको उच्च जोखिम छ । म्याग्दी-काभ्रेभिर सडकको सिमानाको बाँदरजुँगे भिर आसपासमा छिनछिनमा खस्ने पहिराले यात्रुले जोखिममा पर्ने गरेका छन् । भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत विस्फोटक पदार्थको प्रयोगका कारण पहिराको जोखिम अत्यधिक छ ।

# बाँदरबाट बाली जोगाउनै मुस्किल

रासस
बागलुङ, २० साउन

काठेखोला गाउँपालिका-६ बिहुँका किसान यतिबेला एकाबिहानै बारीको छेउछाउमा देखिन्छन् । बिहान उठेर घरगोठको काम नसक्दै किसान बारीमा नपुगे पाक्ने बेलाको बाली नै रहन्न । बिहान उज्यालो हुँदा किसानको खेतबारीमा पुग्ने बाँदरले रात नछिप्पिँदासम्म छोड्दैन् । यहाँका अधिकांश किसानको दिन बाँदरसँगको लुकामारीमा बित्ने गरेको छ ।

खेतमा लगाएको आधाउधी मकै मात्रै घरमा भित्र्याएका किसानले बारीको बाली पनि राम्रोसँग लिन पाएनन् । बिहानै खेतबारीको डिलमा पुगेर दिनभर बाँदरसँग लुकामारी खेल्ने किसान साँझ डोकोभरी मकैको पोस्कर बोकेर घर फर्किन बाध्य छन् । "एक/दुई जनालाई त बाँदरले टेर्दैन, लखेट्दा लखेट्दै लान्छ पाक्ने बेलाको बाली पनि", बिहुँका किसान गुरुप्रसाद कँडेलले भन्नुभयो, "बाँदर नियन्त्रण नगरे त गाउँमा बस्नै नसकिने अवस्था आयो ।" घरमा भित्र्याइएका अन्नबाली बाँदरले घरभित्रै पसेर मास्न थालेको उहाँको गुनासो थियो । बिहुँमा अधिकांश उब्जाउ हुने जमिनमा भएका जङ्गल हटाइएको छ । खेतबारीका छेउछाउमा रहेका रुखले उत्पादनमा क्षति पुऱ्याएको भन्दै किसान आफैँले धेरै काम नलाग्ने रुख हटाए । उब्जाउ जमिन नजिकैका रुखका कारण एकातर्फ उत्पादन घट्ने र अर्कोतर्फ बाँदरको बास बनेकाले रुख त काटियो तर समस्या भने समाधान भएको छैन ।

"पहिले पहिले यतिभाँति बाँदर आएको थाहै थिएन । एकाध दिनमा आएको बाँदर धपाउँदा जान्थ्यो", उहाँले भन्नुभयो, "अहिलेका बाँदर त एक्लै देखे लखेट्न आउँछन् ।" खेतबारीमा लगाइने धान, मकै, कोदो, गहुँ बालीका अलावा करेसाबारीमा लगाइने तरकारी बालीमा पनि बाँदरले क्षति पुऱ्याउने गरेको कँडेलले सुनाउनुभयो । बिहुँमा सुन्तलाको बगान धेरै छन्।सुन्तलाको याममा बगान पसेको बाँदरले उक्त बालीमा पनि क्षति गर्ने गरेको छ । बागलुङमा बाँदरको समस्या बिहुँमा मात्रै होइन । जिल्लाका अधिकांश किसान बाँदरको आतङ्कबाट प्रताडित छन् । हिउँदको समयमा भन्दा वर्षाको समयमा बाँदरले किसानलाई बढी पीडा दिने गरेको छ । "असारे खेतको मकै यसपाली बाँदरले नखाइ भित्र्याइयो तर बारीमा लगाइएको मकैमा दाना नलाग्दै बोटैबाट खोसेर लग्यो", जैमिनी नगरपालिका-१ की किसान गङ्गादेवी शर्माले भन्नुभयो, "महँगो बीउ मल, खेताला हालेर लगाइएको बाली बाँदर पाल्नलाई भइरहेको छ ।" किसानले बाँदर नियन्त्रणका लागि स्थानीय सरकारसँग हारगुहार गर्दै आएका छन् । जैमिनी नगरपालिकाले बितेका तीन वर्ष बाँदर नियन्त्रणका लागि कहिले कार्बन बन्दुक वितरण गर्ने त कहिले हेरालो राखेर खाजा खर्च दिने काम गऱ्यो । काठेखोला गाउँपालिकाले पनि दुई वर्ष बाँदर नियन्त्रणका नाममा लाखौँ रकम खर्चेको थियो । "बाँदर नियन्त्रणका लागि ल्याइएको कार्बन पड्काउने प्लास्टिकको बन्दुकले पहिले पहिले बाँदर भाग्यो, आजभोलि त गिज्याउँछ', जैमिनी नगरपालिका-४ का लेखनाथ शर्माले भन्नुभयो, "अब यहाँको बाँदर छोपेर निकुञ्जमा नपुऱ्याइ उपाय छैन ।" बाँदरकै समस्या देखाएर बसाइँ सरेर हिँड्ने बढेको उहाँले सुनाउनुभयो ।

पहिले गाउँ छेउमा आएका बाँदर चौतारी, पोखरीका छेउछाउमा रहेका बर पीपलका दानामा भुल्ने र त्यहीँबाट फर्किने गरेको भए पनि अहिले बाँदर सरासर घर घरमा पस्न थालेको पीडित किसानले बताए । यहाँका स्थानीय तहले बाँदर नियन्त्रणका लागि जङ्गलमा नै बाँदरका लागि आहाराको व्यवस्था गर्न विभिन्न कार्यक्रम बनाए पनि प्रभावकारी हुन सकेन । किसानको समस्यालाई मध्यनजर गरेर नै आउँदो आवमा 'फुड फरेष्ट' कार्यक्रम ल्याइएको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । काठेखोला गाउँपालिका-७ ले दुई वर्षपहिलादेखिनैजङ्गलमाफलफूलका बिरुवा रोप्न सुरु गरिसकेको छ । स्थानीय तहले बनाएका योजनाले दीर्घकालीन रुपमा समस्या सम्बोधन गर्ने भए पनि तत्कालका लागि किसान र बाँदरको लुकामारीले ठूलो समस्या भएको किसानको गुनासो छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यासित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पहिरोका कारण ६ घरपरिवार विस्थापित

पोखरापत्र संवाददाता
म्याग्दी, २० साउन

म्याग्दीको मालिका गाउँपालिका-४ का विभिन्न स्थानमा पहिराका कारण ६ परिवार विस्थापित भएका छन् । छिपछिपेमा पाँच र महभिरमा एक परिवार विस्थापित भएका हुन् ।

मालिका गाउँपालिकाका कार्यपालिका सदस्य दलबहादुर खड्काथोकीले घर जोखिममा परेकालाई सुरक्षित ठाउँमा सारिएको जानकारी दिनुभयो । "छिपछिपेका केशबहादुर गोतामे, नरवीर गोतामे, तिर्थबहादुर गोतामे, तुलाराम गोतामे र रमेश गोतामेको परिवारलाई आफन्तकोमा राखिएको छ", उहाँले भन्नुभयो, "महभिरका टेकबहादुर विक्का परिवारलाई सामुदायिक भवनमा अस्थायी बसोबासको व्यवस्था मिलाएका छौँ ।" छिपछिपेमा छाप जाने मोटरबाटोबाट पहिरो आएपछि विस्थापित भएका हुन् । सिद्धार्थ आमा समूह, परिवर्तन युवा क्लब च्युरीबोटका पदाधिकारी, सदस्य र स्थानीयवासीले विस्थापितका घरका सामान सारेका छन् ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मनाङ आउने बाह्य पर्यटक बढे

रासस
मनाङ, २० साउन

कोभिड-१९ को सङ्क्रमण न्यूनीकरण भएपछि हिमाली जिल्ला मनाङ आउने बाह्य पर्यटक बढेका छन् । आर्थिक वर्ष २०७७/७८ भन्दा आव २०७८/७९ मा मनाङ आउने बाह्य पर्यटक वृद्धि भएका हुन् ।

आव २०७८/७९ मा चार हजार ७४९ पुरुष र दुई हजार २७० महिला गरी कूल सात हजार २० पर्यटक भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्षको कात्तिक, चैत्र र वैशाखमा बढी बाह्य पर्यटक भित्रिएका थिए । एक्यापको धारापानीस्थित पर्यटक जाँच केन्द्रमा प्रवेश अनुमति लिएको आधारमा सो तथ्याङ्क सङ्कलन गरिएको प्रमुख गौतमले बताउनुभयो । आव २०७८/७९ को साउनमा दुई, भदौमा २०, असोजमा ३२२, कात्तिकमा एक हजार १५, मङ्सिरमा ३६६, पुसमा ८६, माघमा ५१, फागुनमा ५२८, चैत्रमा दुई हजार ४७, वैशाखमा एक हजार ९३६, जेठमा ४८५ र असारमा १६२ पर्यटक भित्रिएको तथ्याङ्कमा उल्लेख छ ।

"जिल्लामा बाह्य पर्यटक भित्रिदा जिल्लाको आम्दानी पनि वृद्धि हुन्छ । बाह्य पर्यटकलाई अनुमति बिना प्रवेश दिइँदैन तर आन्तरिक पर्यटकको भने तथ्याङ्क राखिएको हुँदैन । शुल्क नलिए पनि तथ्याङ्क राख्ने व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो । आव २०७७/७८ मा कोभिड-१९ को सङ्क्रमणका कारण मनाङमा कूल ६०३ बाह्य पर्यटक भित्रिएकामा सबैभन्दा धैरै सार्क राष्ट्रका थिए। कोरोनाको पहिलो, दोस्रो असरले सताएर सङ्क्रमण कम भएसँगै पर्यटकको आगमन वृद्धि हुन लागेको अवस्थामा पुनः कोरोनाको तेस्रो लहर आएपछि पदमार्ग सुनसान भएको थियो ।

वर्षायाममा सवारीसाधनको आवतजावतमा समस्या हुने भएकाले पर्यटक घट्दा अझै पदमार्ग सुनसान भएको थियो । उक्त पदमार्गमा सबैभन्दा बढी फ्रान्स, जर्मनी, इटलीलगायत मुलुकका नागरिक मनाङको भ्रमणमा आउने गरेको केन्द्रले जनाएको छ । केन्द्रका अनुसार अब वर्षायाम सकिएपछि आगामी भदौ १५ गतेदेखि पर्यटक बढ्न थाल्नेछन् । पर्यटकले हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रितिरिवाज, प्राकृतिक सुन्दरता हेर्नाका साथै मनाङबाट थोराङ्ला पास गरेर मुस्ताङ पुग्ने गर्दछन् । थोरालाङ्लाबाट मुस्ताङ हुँदै पोखरा पुग्न अन्नपूर्ण पदमार्गमा केही पर्यटक आउने गर्छन् । उक्त पदमार्गको प्रवेशद्वार लमजुङ बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ। काठमाडौँदेखि बैंसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् भने पदमार्गमार्फत मनाङका विभिन्न स्थानको अवलोकन सहित पैदल यात्राको सुरुवात गर्दछन् ।

# पर्यटकीय गन्तव्य बन्दै शालग्राम सङ्ग्रहालय

रासस
बागलुङ, २० साउन

बागलुङको चर्चित धार्मिक पर्यटकीय क्षेत्रका रूपमा परिचित भइसकेको स्थान हो, बागलुङ नगरपालिका-४ कुदुँलेस्थित शालग्राम सङ्ग्रहालय । शालग्राम सङ्ग्रहालय अहिले निकै चर्चित छ । सङ्ग्रहालयको प्रवेशद्वार बाघको मुखको आकृतिबाट बनाएपछि सङ्ग्रहालय अहिले बाघको मुखभित्र रहेको छ ।

बागलुङको पहिचानसँग जोडिएको बाघको मुखको आकृति निर्माणसँगै सङ्ग्रहालयको महिमा भनै चुलिएर गएको छ । शालग्राम भन्नेबित्तिकै जो-कोहीले पनि भगवान् विष्णु सम्फनछन् र साक्षात्कार गर्न पुग्छन् । हिन्दू धर्मावलम्बीले शालग्रामको पूजा-आराधना गर्ने गरे पनि वर्तमान समयमा भने शालग्राम शिलाको संरक्षण अभावमा हराउँदै गएको अवस्थामा बागलुङमा सङ्ग्रह गरी राखिएको शालग्राम सङ्ग्रहालयलाई थप व्यवस्थित बनाइएको छ भने बाघको मुखबाट छिरेर शालग्राम सङ्ग्रहालय अवलोकनको व्यवस्था मिलाइएको छ ।

बागलुङ नाम बाघको नामसँग जोडिएकाले बागलुङको पहिचानसँग जोडिएको बाघको मुखको आकृति शालग्राम सङ्ग्रहालयको प्रवेशद्वारमा बनाइएको र शालग्राम दर्शन गर्न आउनेको रोजाइमा बाघको मुख आकर्षणमा रहेको श्रीधराचार्य शालग्राम सङ्ग्रहालयकाअध्यक्षऋषिप्रपन्नाचार्यले बताउनुभयो । "भूमिगतरूपमा शालग्राम सङ्ग्रहालय बनाइएको छ, यसको प्रवेशद्वार भर्खरै मात्र बनाइएको छ । बाघको मुखको आकृति", उहाँले भन्नुभयो, "कृष्ण गण्डकीको पहिचानका रूपमा रहेको शालग्राम सङ्ग्रहालयसँगै बागलुङको नामाकरणसँग जोडिएको बाघको आकृतिको प्रवेशद्वार अति नै महत्वपूर्ण छ ।"

तिरुपती बालाजीधामभित्र रहेको शालग्राम सङ्ग्रहालयको प्रवेशद्वार नै बाघको आकृतिबाट बनाइएको शालग्राम सङ्ग्रहालयले आफ्नो आन्तरिक आम्दानीबाट रु १५ लाख लागतमा निर्माण गरेको हो । भारत र नेपाली कलाकारको समन्वयमा उक्त १० फिट अग्लो र पाँच फिट चौडाइको आकृति बनाइएको हो ।

भारतीय पर्यटक शालग्राम दर्शनका लागि पछिल्लो समय यहाँ आउने गरेको पाइएको छ । मुक्तिनाथ दर्शनका लागि पुगेका दर्थनार्थीले यहाँको सवा लाख शालग्राम दर्शन गरेपछि मात्रै आफूलाई मुक्ति प्राप्त भएको प्रतिकृया दिँदै आएका छन् । विश्वमै दुर्लभ मानिने शालग्राम शिलाको संरक्षणका लागि यहाँको एक मन्दिरले तीन वर्षअघि शालग्राम निर्माण गरेको हो भने एक दशकदेखि शालग्राम सङ्ग्रह गरेर राखिरहेको थियो ।

मुस्ताङको मुक्तिनाथबाट म्याग्दी, बागलुङ र पर्वत भएर बहने कालीगण्डकी (कृष्णगण्डकी) नदीमा मात्र पाइने शालग्राम शिलाको संरक्षणका लागि बागलुङ नगरपालिका-४ कुँडुलेमा रहेको तिरुपती बालाजीधाममा शालग्राम सङ्ग्रहालय बनाएपछि शालग्रामप्रेमी दर्थनार्थीको आकर्षण बढ्दो छ ।

भगवान् शिवको प्रिय अस्त्रका रूपमा मानिने त्रिशूल आकारमा भू-गर्भभित्र ७६ मिटर लामो सुरुङ निर्माण गरी व्यवस्थितरूपमा शालग्राम सङ्ग्रहालय, त्रिवेणीधामबाट दामोदर कुण्डसम्मको नक्सा, विभिन्न मठमन्दिरका आकृति, वृत्तचित्र प्रदर्शनी कक्षलगायतका संरचना निर्माण भएका छन् ।

साविकको धवलागिरि अञ्चल सदरमुकाम बागलुङ नगरपालिका-४ कुँडुले फेदीस्थित रङ्गवेंकटेश मुक्तिनारायण मन्दिर, मुक्तिनाथ वेदविद्याश्रम तिरुपती बालाजीधाममा स्वामी श्रीधरचार्यको नामबाट शालग्राम सङ्ग्रहालय निर्माण गरिएको छ । झट्ट हेर्दा बाघको मुखभित्र यत्रो संरचना लुकेर रहेको छ भन्ने कुरा कसैलाई विश्वास हुँदैन तर शालग्राम सङ्ग्रहालयका लागि बाघको मुखबाट पसेपछि मात्रै यो कुरा विश्वास लाग्ने भ्रमणमा पुगेका पर्यटक सन्तु लामिछानेले बताउनुभयो । मुक्तिनाथ जाने धार्मिक पर्यटकलाई बागलुङ भित्र्याउनसमेत यस सङ्ग्रहालयले ठूलो योगदान गरिरहेको छ भने जिल्लाका अन्य पर्यटकीय गन्तव्यलाई समेत चलयमान बनाएको छ । हाल सङ्ग्रहालयमा साना-साना सालग्रामदेखि तीन सय किलोसम्मको शालग्राम सङ्ग्रहित छ । परापूर्वकालदेखि नै शालग्राम सङ्ग्रहित गर्दै आएका स्व स्वामी श्रीधरचार्यको सपना साकार पार्ने काम भएको भन्दै स्थानीय खुसी छन् ।

हिन्दू धर्मावलम्बीका लागि कालो रङको बाटुलो शिला (ढुङ्गा) शालग्राम अति पूजनीय मानिन्छ । यसका लागि नेपालको पश्चिम कालीगण्डकी नदी प्रख्यात छ । बैष्णव र सनातनीहरूले शालिग्रामलाई साक्षात विष्णुको अवतारका रुपमा लिन्छन् । सङ्ग्रहालय नामकरण गरिएका स्वामी श्रीधरचार्य शालग्रामको महत्वबारे ग्रन्थ प्रकाशन गर्ने र संरक्षणका अभियन्ता मानिन्छन् । उहाँको २०५६ सालमा ३९ वर्षको उमेरमा निधन भएको थियो ।

# व्यावसायिक बन्दै सुँगुरपालन

पोखरापत्र संवाददाता
म्याग्दी, २० साउन

माग बढेपछि म्याग्दीमा व्यावसायिकरूपमा सुँगुर पाल्न थालिएको छ। घरायसी र धार्मिक प्रयोजनका लागि सुँगुर पाल्ने कृषकले आम्दानी गर्न थालेका हुन् ।

बेनी नगरपालिका-१ सिमका एकेन्द्र थापाको खोरमा अहिले २८ सुँगुरका माउ छन् । उहाँले वर्षको तीन सयभन्दा बढी सुँगुरका पाठापाठी बेच्दै आउनुभएको छ। पाठापाठी किन्न जिल्लाबाहेक बागलुङ र पर्वतबाट समेत ग्राहक आउँछन्। एउटा पाठो पाँच हजारसम्ममा बिक्री हुने गरेको छ। "पुर्खादेखि नै सुँगुर पाले पनि व्यावसायिकरुप दिइएको थिएन तर अहिले बङ्गुरसँगै सुँगुर पनि व्यावसायिकरुपले पाल्न थालेको हुँ । परिवारबाहेक चार-पाँच जनालाई रोजगारी पनि दिएको छु", उहाँले भन्नुभयो, "व्यवस्थित खोर बनाएर व्यावसायिक रूपमा पाल्न थालेपछि हिजोआज सुँगुरले पनि 'मान' पाएको छ, कृषकहरूलाई पनि हौसला मिलेको छ ।" सुँगुरका पाठापाठीलाई स्थानीयवासीले 'भुनी' र 'वीरे' भनी सम्बोधन गर्छन् । भुनी तीन महिनामा गर्भवती हुन्छे र छ महिनामा ब्याउँछे। भुनीले एक बेतमा १५ वटासम्म पाठापाठी पाउँछे। अर्जमे कालो सुँगुरको एक बर्षमा ६० केजी तौल पुग्छ ।

पैंतालिस दिनमा पाठापाठी र माउ छुट्याउनुपर्छ, नत्र आमाले पाठापाठी मार्छे। सुँगुरको मासु प्रतिकेजी रु आठ सयमा बिक्री हुन्छ। सुँगुर पाल्न नगरपालिकाको पशु शाखा र वडा कार्यालयले खोर निर्माण तथा पाठापाठी खरिद गर्न अनुदान दिएको छ। मासुको मुख्य बजार बागलुङ र बेनी हो । जिल्लामा सुँगुर पाल्ने बेनी-१ को रत्नेचौर र अर्जममा मात्र गरिएको छ । होटल, रेष्टुराँमा सुँगुरको मासुको माग बढेसँगै पछिल्लो समय जिल्लाभर व्यावसायिक रूपमा बङ्गुरसँग जोडेर कालो सुँगुर पाल्न थालिएको अर्जमका कृषक नरबहादुर थापाले बताउनुभयो ।

रत्नेचौर र अर्जममा पाँच सयभन्दा बढी मगर घरमा दुई-चार वटा लोकल कालो सुँगुर अनिवार्य पाल्ने गरिन्छ। केही दलित र नेवारले पनि सुँगुर पालेका छन् ।

थापामगरको घरमा मान्छे मर्दा पिण्डदान गर्ने बेला सुँगुर नभई हुँदैन। पितृलाई पिण्ड चढाउँदा जाँड, रोटी, सुँगुरको मासु चढाउने चलन छ। कुलपूजा, पितृपूजा, दशैंमा देवी मन्दिरमा पञ्चबलि दिँदा होस् वा विवाह, व्रतबन्धलगायत सामाजिक कार्यक्रममा सुँगुर काट्ने गरिन्छ ।

परम्परागत शैलीमा पालिँदै आएको कालो सुँगुरपालनलाई व्यावसायिक बनाउन बेनी-१ वडा कार्यालयले खोर निर्माण, व्यावसायिक फर्म स्थापना गर्नेलाई प्रोत्साहन गरेको वडाध्यक्ष टेकबहादुर थापाले बताउनुभयो ।

# शालिग्राम करिडोर चार दिनदेखि अवरुद्ध

पोखरापत्र संवाददाता
दमौली, २० साउन

तनहुँको देवघाट गाउँपालिकास्थित शालिग्राम करिडोर चार दिनदेखि अवरुद्ध हुँदा सर्वसाधारणलाई सास्ती भएको छ ।

शालिग्राम करिडोरअन्तर्गत विभिन्न ठाउँमा पहिरो खसेपछि सर्वसाधारणलाई आवतजावतमा समस्या भएको हो । सोमबारदेखि परेको वर्षाका कारण उक्त खण्डको देवपुर साउने, साँढेबर, बेलस्वाँरा, कालिकाटार, कोटा, खाल्टे लगायतका ठाउँमा पहिरो खसेको छ। पहिराले सडक अवरुद्ध भएसँगै यातायात पूर्ण रूपमा बन्द भएको स्थानीय अमृता गुरुङले जानकारी दिनुभयो । "सडक अवरुद्ध भएसँगै कामका लागि देवघाट जानुपर्दा घण्टौं हिँड्नुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "सडक खुलाउनेतर्फ सरोकारवाला निकायले ध्यान दिनुपर्छ ।" देवघाट गाउँपालिकाका उपाध्यक्ष भुवनसिं गुरुङले चारदिनदेखि सडक अवरुद्ध हुँदा सर्वसाधारणलाई सास्ती भएकोबारे आफूहरू जानकार रहेको भन्दै बाटो सफाई सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार देउतीखोलाबाट बाटो सफाईको काम थालिएको छ भने प्राविधिक टोलीसँगै पहिरो गएका ठाउँको निरीक्षण गर्दै भोलिदेखि सफाइको कामलाई तीव्रता दिइनेछ ।

# थप ९१२ मा कोरोना सङ्क्रमण पुष्टि, एकको मृत्यु

रासस
काठमाडौं, २० साउन

देशभर पछिल्लो २४ घण्टामा ९१२ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा कोभिड सङ्क्रमणबाट एक जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा छ हजार चार सय ९१ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार नौ सय ४१ जनाले पिसिआर र तीन हजार पाँच सय ५० जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा तीन सय ७० जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ७१ हजार छ सय २० पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार सात सय ६० रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ७० पुगेको छ। होम आइसोलेशनमा पाँच हजार पाँच सय ८७, संस्थागत आइसोलेसन एक सय ७३, आइसियूमा ४२ र भेन्टिलेटरमा दुई जना सङ्क्रमित रहेका छन् ।


## पोखरा महानगरपालिका भएर बग्ने विभिन्न खोलाको बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/04/२१)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकामा पोखरा महानगरपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम तथा ठेगाना | पोखरा महानगरपालीका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, पोखरा, कास्की, | | | | | |
|---|---|---|---|---|---|---|
| प्रस्तावकको व्यहोराः पोखरा महानगरपालिकामा भएर बग्ने विभिन्न खोलाको विभिन्न घाट बाट ढुंगा, गिट्टी तथा बालुवा नदिजन्य पदार्थ संकलन/उत्खनन् गर्ने । | घाटको नाम | प्रभावित वडाहरु | नदी/ खोला नाम | घाटको नाम | प्रभावित वडाहरु | नदी/ खोला नाम |
| | ढावा घाट | १९ | सेती | सिसौघारी घाट | ३३ | सेती |
| | मर्दी लस्ती दोभान घाट | १९ | सेती | लामागादी घाट | ३२,३३ | सेती |
| | दशखेत घाट | १९ | सेती | द्वार कस्यार घाट | १४,२१ | सेती |
| | तुलसीतारा घाट | १९,२५ | सेती | भेडीफाराम घाट | १४,२१ | सेती |
| | पुरन्चौर नयाँघाट | १९,२५ | सेती | गाउँखर्क ओखलढुंगा घाट | १४,३३ | सेती |
| | पुरन्चौर ढोडेनीघाट | १९,२५ | सेती | मोरेघाट | २७,३३ | सेती |
| | रुद्रमहादेव घाट | १९,२५ | सेती | चमेरे घाट | २७,३३ | सेती |
| | सहस्रधारा घाट | १९,२५ | सेती | गढी घाट | ३२,३३ | सेती |
| | गोस्ते लामाचौर घाट | १९,२५ | सेती | तल्लो पुडीघाट | ३३ | सेती |
| | तल्लो गोस्त घाट | १६,२५ | सेती | उपल्लो पुडीघाट | ३३ | सेती |
| | गजरे घाट | १६,२५ | सेती | तल्लो खेतघाट | ३२,३३ | सेती |
| | याम्दी घाट | १६,२५ | सेती | रातोपैरो खोरीघाट | ३२,३३ | सेती |
| | लालटीन बजार घाट | १,१६ | सेती | काँहुखोला घाट | ११,१३ | काँहुखोला |
| | सुइखेतखोला घाट | २५ | सुइखेत | विजयपुर खोला घाट | १३,२६ | विजयपुर |
| | पशुपती घाट | २९,३३ | सेती | रामघाट | ९,१०,११ | सेती |
| | पशुपती घुमाउरे घाट | २९,३३ | सेती | नारायणस्थान घाट | ३,११ | सेती |
| | मुसेटुडा सैनीक घाट | २९,३३ | सेती | | | |
| प्रभाव पर्नसक्ने जिल्ला/ नपा | कास्की जिल्ला, पोखरा महानगरपालिका | | | | | |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न पोखरा महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार/गर्ने ठेगानाः**

१. पोखरा महानगरपालीका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, पोखरा, कास्की,
फोन नं. ०६१–५२११०५, इमेलः info@pokharamun.gov.np

२. ग्रिनविच इन्भाइरोमेन्ट एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा.लि., काठमाडौं, इमेलः geec.nepal@gmail.com